# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

## गभर्नर डा. चिरंजीबि नेपाल र एशियाली विकास बैंकको टोलीबीच भेटवार्ता

गभर्नर डा. चिरंजीबि नेपालसँग एशियाली विकास बैंकका कन्ट्री डाइरेक्टर श्री केनिची योकोयामाको नेतृत्वमा आएको दुई सदस्यीय टोलीले २०७३ साल असार ८ गते नेपाल राष्ट्र बैंकको केन्द्रीय कार्यालयमा भेटवार्ता गऱ्यो ।



कन्ट्री डाइरेक्टर योकोयामाले एशियाली विकास बैंक नेपालमा मुख्यगरी पूर्वाधार, उर्जा, शिक्षा र कृषिका क्षेत्रमा सक्रिय रहेको जानकारी दिनुभयो । नेपालमा द्रुतगतिको आर्थिक विकासको लागि सरकारको बजेट खर्च गर्ने क्षमतामा सुधार आउन जरुरी रहेको कुरा औंल्याउँदै कन्ट्री डाइरेक्टर योकोयामाले सरकारले दीर्घकालीन ऋणपत्र जारी गरेर समेत विकास निर्माणलाई निरन्तरता दिन सक्ने कुरा उल्लेख गर्नुभयो ।

गभर्नर डा. नेपालले सर्वसाधारण एवं लगानीकर्ताहरुमा चेतनाको कमीको कारण राष्ट्रमा ऋणपत्र बजारको विकास सन्तोषजनक नभएको कुरा उल्लेख गर्दै दीर्घकालीन ऋणपत्रको प्रभावकारीताको लागि ऋणपत्र सम्बन्धी राष्ट्रव्यापी जनचेतना अभिवृद्धि अभियान आवश्यक रहेको जानकारी दिनुभयो । यसैगरी कृषकहरु जानकारी एवं सूचनाको अभावको कारण सरकारले राष्ट्र बैंकमार्फत प्रदान गरिरहेको कृषि कर्जाको ब्याजमा पाउने अनुदानबाट फाइदा लिन नसकिरहेको जानकारी गराउनु भयो । साथै, राष्ट्र बैंक आर्थिक र वित्तीय क्षेत्रका विषयहरुमा एशियाली विकास बैंकसँग हातेमालो गरेर जान सक्ने कुरा बताउनु भयो । गभर्नर डा. नेपाल र कन्ट्री डाइरेक्टर योकोयामाबीच नेपालको समसामयिक आर्थिक गतिवीधि बारे समेत छलफल भयो ।

भेटवार्ताको अन्त्यमा गभर्नर डा. नेपालले एशियाली विकास बैंक नेपालको विकासको राम्रो साझेदार भएको र राष्ट्र बैंक एशियाली विकास बैंकसँग सहकार्य गर्न सदैव तयार रहेको जानकारी समेत दिनुभयो ।

**२०७३ असार ८, बुधबार** — **गभर्नरको कार्यालय**